हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : १७१ पृष्ठ : ४ २०७७ माघ ०९ गते शुक्रबार (Friday 22 January 2021) www.lahanpost.com मूल्य रु. ५।-


FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्टस सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

• 'सानालाई ऐन, ठुलालाई चैन' •

## घर बनाउन नपाएपछि डोम परिवारको बिच्चली





लहान । नरहा गाउँपालिका-३ नयाँ चोहर्वाकी ६० वर्षीया हरिहर मल्लिक(डोम) आफ्ना नातिहरू धिरज र निरजलाई लिएर माघे कठ्यांग्रिदो चिसोमा पनि घरबाहिर त्रिपालमा सुत्छन् । छोरा मन्जय र बुहारी शोभा मल्लिक छोरीसहित घरमा सुत्छन् । कारण हो-'सुत्ने घरको अभाव हुनु ।' एक कोठे घरमा सुत्नेदेखि भान्सासम्म छ । अभाव त्यतिकै भएको होइन्, केहीदिन अघि प्रदेश सरकारबाट इटा र टिन(जस्तापाता)भएको घर बनाइदिने भन्दै पुरानो घर भत्कइयो । तर, उनीहरूको घर बनेन् । उनीजस्तै संजय मल्लिक, मनोज र बिल्टु मल्लिकका परिवारले समस्या भोगिरहेका छन् । त्यसो त उनीहरूले विगत ५ वर्षदेखि बसोबासका लागि घर बनाउने झन्झ व्यहोर्दै आएका छन् । '५ वर्षमा तीन पटक हाम्रो घर तोडफोड र उजाडियो । पहिले दुई पटक जमिनदारले आफ्नो जग्गा हो भन्दै खाली गरायो,' शोभाले भनिन, 'अहिले बन्न लागेको घर पनि रोक्का भयो । अब कहाँ जाउँ ।' घर अभावले चिसोमा रात कटाउन मुस्किल भएको उनले सुनाईन् । वर्षैपिच्छे घर तोडफोड र उजाडिदा आर्थिक मार खेप्छन् ।

उनीहरूको घर पूर्व-पश्चिम राजमार्गसँग दक्षिणपट्टि टाँसिएको छ । ४ घर डोम परिवार त्यहाँ ६० वर्षदेखि बसोबास गर्दै आइरहेका छन् । सोही ठाउँका जगदेव ठाकुरले आफ्नो जग्गा भएको दाबी गर्दै उनीहरूको घर दुई पटक भत्काइदिए । केही मिटर पर बसाई सऱ्यो । 'सामुदायिक वनको जग्गा हो भन्दै वन कार्यालयले फेरी घर बनाउन रोकिदियो,' बिल्टु मल्लिकले भने,

————बाँकी ३ पेजमा

## नौ वर्षदेखि फरार हत्या आरोपी पक्राउ

■ विनय यादव

**मिर्चैया ।** ईलाका प्रहरी कार्यालय मिर्चैयाको प्रमुख फेरिएसँगै प्रहरीको सक्रियता बढेको पाईएको छ । नयाँ प्रमुख आए लगत्तै कर्तव्य ज्यान मुद्दाका आरोपी नौ वर्षपछि घुमफिर गरिरहेकै अवस्थामा सिरहाको मिर्चैयाबाट पक्राउ परेका हुन् ।

प्रहरीले धनुषाको गणेशमान चारनाथ नगरपालिका-३ राधापुरका ३४ वर्षीय जागेश्वर यादवलाई बुधबार अपराह्न सिरहाको मिर्चैया बजारबाट घुमफिर गरिरहेको अवस्थामा पक्राउ गरेको हो ।

ईलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी राजेन्द्र श्रेष्ठका अनुसार विशेष सूचनाको आधारमा मिर्चैया प्रहरीद्वारा पक्राउ गरिएका यादवलाई बुधबार साँझ नै

————बाँकी ४ पेजमा

सूचना ! सूचना !! सूचना !!!

MASSEY FERGUSON

मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा



रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट

यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।

गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller



हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागि केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोबाईल :- ९८०११५१४३८

बगैंचा सहितको जग्गा बिक्रीमा

लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, ७ फिट मोटाई भएको टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।

सम्पर्क नम्बर : ०३३-५६०२१९

मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०



छिटो भनेको WORLDLINK

3C Rs. 1,250 6C Rs. 2,200

SPEEDमा BOOST नगदमा छुट

FREE

Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink

Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229



फ्रेन्डस मोडेल हसपिटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## विद्यालयलाई राजनीतिक थलो नबनाऔं

विद्यालय अत्यन्त संवेदनशील क्षेत्र हो । आजका बालबालिका भोलीका राष्ट्र निर्माता हुन् । उनीहरुको भविष्यमाथी खेलवाड गर्ने अधिकार कसैसँग छैन । यहाँ सामान्य लापरबाही भयो भने असंख्य बालबालिकामा नकरात्मक असर पर्छ । विद्यालयमा राजनीति हाबी हुँदा विद्यार्थीको शिक्षाको अधिकार नै खतरामा पर्दछ । विद्यालय व्यवस्थापन र सरकारको आर्थिक स्वार्थका कारण त्यहाँ कार्यरत शिक्षक–शिक्षिकाले समेत विभिन्न कठिनाइ सहनुपर्ने देखिन्छ । जुँगाको लडाईँले बालबालिकाको भविष्य बिगार्न पाइँदैन । र, विद्यालयलमा शिक्षकहरु राजनीति गर्न आउने होइन, पढाउन आउने हो ।

शिक्षा र राजनीति एक अर्काको परिपुरक विषयवस्तु हुन । शिक्षाले राजनीतिको मार्गचित्र तयार गर्नुपर्थ्यो तरे दुर्भाग्य राजनीतिले शिक्षालाई डोर्‍याएको छ, जसले गर्दा राजनीतिले शिक्षालाई धरासयतिर धकेलिदिएको छ । शिक्षा बिगारेको राजनीतिको खोल ओढ्ने विवेकहीन राजनीति अन्धभक्तहरूले हुन् । जबसम्म विद्यालयमा राजनीतिको खोल ओढ्ने झोले र भरौटेहरू विद्यालय अध्यक्ष बनाइन्छ तबसम्म सामुदायिक विद्यालय अक्षम व्यक्तिको हातमा जान्छ । आज सामुदायिक विद्यालय राजनीतिक दलले कार्यकर्ता भर्ती गर्ने थलो बनाएको छ ।

एकातिर राजनीतिक हस्तक्षेपकै कारण शिक्षाको गुणस्तर बढाउनमा असहयोग भएको छ भने अर्कोतिर विद्यालय व्यवस्थापन समिति गठन, शिक्षक नियुक्ति लगायत हरेक क्षेत्रमा राजनीतिक हस्तक्षेप हुने भएकाले यसले शैक्षिक गुणस्तर वृद्धिमै असर पुग्ने गरेको छ । नीति नियम, सामाजिक, राजनीतिक, आर्थिक, राजनैतिक वातावरण, आस्था एवम् विश्वास, भौतिक प्रबन्धबाट शिक्षाको गुणस्तर प्रभावित हुन्छ, ।

सामुदायिक विद्यालयमा गुणस्तर सुधार्न शिक्षक, अभिभावक र विद्यार्थीको त्रिकोणात्मक सम्बन्ध जरुरी छ । संस्थागत विद्यालयका शिक्षकले भन्दा धेरै राम्रा तालिम लिएपनि त्यसको कक्षाकोठामा प्रयोगमा आउन सकेको छैन । विद्यालयलाई राजनीति गर्ने अखडा बनाएपछि शिक्षाको गुणस्तर सुधारको कल्पना गर्न सकिदैन । अभिभावकलाई सचेत बनाएर उनीहरुलाई विद्यालयप्रति आकर्षण गराउन सकियो भने पनि राजनीतिक हस्तक्षेप कमी हुनजान्छ । तसर्थ, गुणस्तरीय शिक्षा प्रदान गर्नलाई विद्यालयलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउनु जरुरी छ । विद्यालय राजनीति गर्ने थलो नभएको भन्दै यसलाई रोक्न सबै राजनीतिक दल प्रतिबद्ध हुन आवश्यक छ ।

# नागरिकका स्थायी पिरलो



**डा. देवीप्रसाद आचार्य**

कठैबरा ! हामी नेपाली । हाम्रो सामाजिक, आर्थिक, शैक्षिक एवं राजनीतिक अवस्था । हजरबुबा पुस्ताले राणाहरूको ज्यादती र त्रासमा जीवन बिताए । बुबा पुस्ताले पञ्चायती व्यवस्थाको सास्ती खपे । जेल, नेल, त्रास एवं कष्ठपूर्ण जीवन भोगे । हाम्रो पुस्ताले माओवादी जनयुद्धको ताप र राप सहँदै विभिन्न जनआन्दोलनहरूमा भौतिक वा वैचारिक रूपमा उत्रियौं । नेपाली जनताले राजनीतिक परिवर्तनका लागि मकैको खेती देखि १९९७ सालको सहिद काण्ड हुँदै २००७ सालमा प्रजातन्त्रको उदय, २०३६ सालको राजाको शासन व्यवस्थाप्रति असन्तुष्टि र जनमत संग्रह, २०४६ को जनआन्दोलन, माओवादी जनयुद्ध, २०६२–६३ को लडाइँ, संविधान सभामा जनसहभगिता र त्यस पछाडिको आम निर्वाचनसम्मको जनसक्रियताको पछाडि समाजमा स्थायी रूपमा जरा गाडेर बसेका समस्याहरु गरिबी, बेरोजगारी, अविकास, विभेद, अभाव, पछौटेपन, भ्रष्टाचार, महँगी र राजनीतिक अस्थिरताको अन्त्य गर्नु थियो । परन्तु न त लामो समयसम्मको राजनीतिक लडाइँबाट प्राप्त लोकतन्त्रका मूल्य र मान्यता संस्थागत हुन सके न त सत्ताको बागडोरमा पुग्न सफल राजनीतिक दल र यिनका शीर्ष नेतागणहरुले उल्लिखित समस्याहरु समाधान गर्न सके । कस्तो बिडम्बना ! प्रजातन्त्रका तीन दशकसम्म पनि देशका समस्याहरु ज्युका त्युँ रहे ।

यो मुलुकको कहानीभित्र लुकेका समस्याहरूको अध्ययन गर्दा यसको जड राजनीतिक दलहरु मात्र होइन । हाम्रो समाजमा रहेको सामाजिक मनोविज्ञान र चेतनाको अभाव पनि त्यत्तिकै जिम्मेवार देखिन्छ । हाम्रा राजनीतिक व्यवस्थाका सञ्चालकलाई सही र गलतको मापन नै नगरी समर्थन गर्ने अज्ञानता भनौं वा स्वार्थको चास्नीमा एकोहोरिएका राजनीतिक दलका कार्यकर्ता एवं समर्थक जनसमूहको झुन्ड पनि त्यत्तिकै दोषी छ । भ्रष्ट नेताहरूको पछि लाग्ने, नेताहरूले आफ्ना नातागोताको भरण पोषण गर्दा पनि आवाज निकाल्न नसक्ने, आफूले मन पराएको राजनीतिक दल वा नेता विशषले गर्ने जस्तासुकै अशोभनीय काममा पनि आँखा चिम्लेर समर्थन गर्ने राजनीतिक संस्कार बोकेका कार्यकर्ता नै राजनीतिक तहबाट सिर्जना हुने समस्याका स्रोत हुन् । मलजल हुन् । त्यसो त हाम्रो समाजमा कसैलाई देवत्वकरण गर्ने र कसैलाई सत्तो सराप गर्ने राजनीतिक संस्कार नयाँ होइन । सत्ता स्वार्थका लागि भीमसेन थापालाई आत्महत्या गर्न बाध्य बनाउने राजनीतिक सोच र दुष्कर्मको लिगेसी राणामा पनि तीव्र थियो । देवशमशेरलाई जनताको पक्षमा काम गर्न खोजेको आरोपमा १ सय १७ दिनमा नै सत्ताबाट बाहिरिन बाध्य बनाउने चन्द्रशमशेर प्रवृत्ति राणाकालीन इतिहासको एउटा दृष्टान्त हो ।

यसैगरी, २००७ सालदेखि २०१७ सालसम्मको राजनीतिक अवस्थाको अध्ययनले पनि दलहरूको जुटफुट, राजनीतिक स्वार्थको अभ्यास व्यापक देखाउँछ । ३० वर्ष पञ्चायती समयमा पनि राजनीतिक रूपमा नेपाली समाज विभाजित नै थियो । निरंकुश नै भए तापनि शाही सासनको पक्षपोषण गर्नेहरूको भिडमा पढे लेखेका, जाने बुझेका जनताहरूको संख्या ठूलो थियो । हाम्रो राजा हाम्रो देश प्राण भन्दा प्यारो छ, हाम्रो भाषा हाम्रो भेष सबै भन्दा राम्रो छ भन्ने पञ्चायती नाराभित्र राजमोह र देश प्रेमको गाथा झल्किन्थ्यो । यही गाथाभित्र एकातिर पञ्चायती शासन व्यवस्थाका करतुतहरु लुकेका थिए भने अर्कोतिर राजनीतिक चेतना भएको समूहको सक्रियतामा प्रजातन्त्रको लडाइँ पनि सञ्चालित थियो । फलतः २०४६ सालको जनआन्दोलनले प्रजातन्त्रको पुनःस्थापना भयो ।

प्रजातन्त्रको पुनःस्थापना पछाडिको ३० वर्षको कालखण्डको समीक्षा गर्दा यो मुलुकमा राजनीतिक दलहरु बन्ने, जुट्ने, फुट्ने र टुट्ने शृंखलाका घटनाहरु अत्यन्त अस्वाभाविक छन् । २०५१ सालमा नेपाली कांग्रेसको विभाजन सत्तास्वार्थसँग जोडिएको थियो । दलभित्रको आन्तरिक खिचातानी र राजनीतिक स्वार्थको खेलका कारण नेपाली कांग्रेस फुटेको थियो । प्रजातन्त्रका सेनानी गणेशमान सिंह र सन्त नेता कृष्णप्रसाद भट्टराईलाई किनारा लगाएर गिरिजाप्रसाद कोइरालाले नेपाली कांग्रेसको गुटलाई चलाउँदा कांग्रेसजन विभाजित भए । यसैगरी नेपाल कम्युनिस्ट पार्टीको विभाजनको फेरिस्ता धेरै लामो छ । यो दलभित्रको गुट उपगुट र फुट शृंखलाभित्र सैद्धान्तिक आधारभन्दा बढी असमझदारी, स्वार्थ, प्रतिस्पर्धालगायतका अभ्यास नै प्रमुख रूपमा देखिन्छन् । राजनीतिक दलहरूको स्वार्थको पछाडि नेपाली जनता विभाजित हुने र भोट बैंक भइदिनु पनि राजनीतिक विभाजनको कडीको रूपमा देखिन्छ । हरेक दलका कार्यकर्ताहरु नेता विशेषका कित्तामा विभाजन हुनाले नेताहरु गुटका नायक भए । देश निर्माणका नायक हुन सकेनन् ।

राजनीतिक आस्थाका आधारमा जनताहरु विखण्डित हुने क्रममा २०५२ सालमा माओवादीले सञ्चालन गरेको जनयुद्धले अझै मलजल गर्‍यो । तत्कालीन माओवादी नेतृत्वले समाजमा स्थायी रूपमा रहेका बेथितिहरूको निराकरण गर्ने एजेन्डाका आधारमा जनतालाई आकर्षित गर्‍यो । प्रचण्डले नेतृत्व गरेको माओवादीमा लाखौंको संख्यामा मानिसहरु ओइरो लागे । ठूलो धनजनको क्षति ठूलो भयो । लामो संघर्ष पछाडि माओवादी शान्तिपूर्ण राजनीतिमा आए पछि मूलधारका अन्य दलहरूको समर्थनका कारण मुलुकमा राजनीतिक परिवर्तन भएको सत्य हो । तत्पश्चात् राजनीतिक परिवर्तनलाई संस्थागत गर्दै देश विकासको बाटोमा लाग्नुपर्नेमा देशका प्रमुख दलहरु सत्तास्वार्थमा लागे । अहिले खड्गप्रसाद ओलीले संसद् विघटन गरेका छन् । दलहरूमा कटाक्ष छ । शीर्ष नेताहरु नै अशोभनीय गालीगलौजमा उत्रिएका छन् । यस्तो समयमा पनि ठीक र बेठीकका आधारमा सही नेतृत्वको साथ लाग्न नसक्ने कार्यकर्ता र जनता राजनीतिक स्थायीत्व र देश विकासका बाधक हुन् ।

दलका नेतागणहरुले राजनीतिलाई विकास र जनसेवामा नजोडी पद, प्रतिष्ठा र आयआर्जनको बाटो बनाउँदा मुलुकमा धेरै समस्याहरु देखापरेका हुन् । राजनीतिक दलका कार्यकर्ताहरूले नेतृत्वमा रहेका नेताहरु भ्रष्टाचार, आर्थिक चलखेल र गुटगत राजनीतिमा संलग्न हुँदा पनि टुलुटुलु हेरेर बसे । नेताहरूका उखान टुक्का, उत्तेजक भाषण एवं अस्पष्ट विचार र बोलीमा ताली बजाउने काम गरे । राजनीतिक क्षेत्रमा चरम आर्थिक अनियमिता भयो । अहिले राजनीतिका उच्च तहका नेताहरूको राजधानीमा महल छन् । उनीहरु महँगा गाडीहरु चढ्छन् । आफन्तवाद, कृपावाद, अवसरवादमा अभ्यस्त छन् । तर पनि तिनीहरूको पछाडि कार्यकर्ता र समर्थकहरूको घुँइचो छ । यसरी हेर्दा भ्रष्ट, अदूरदर्शी नेता र अन्धभक्त कार्यकर्ता नै देशका समस्या हुन् ।

हाम्रो देशमा अथाह प्राकृतिक स्रोत र साधनहरु छन् । उपलब्ध स्रोतसाधनलाई उपयोग गरी देश विकास गर्नको लागि दक्ष जनशक्तिको खाँचो हुन्छ । दक्ष जनशक्ति उत्पादन गर्नका लागि व्यावहारिक, वैज्ञानिक एवं गुणस्तरीय शिक्षा चाहिन्छ । शिक्षाबाट नै हरेक क्षेत्रको दक्ष जनशक्ति उत्पादन हुने हो । तर, हाम्रो देशको सन्दर्भमा विकासको आधार शिक्षालाई बनाइएन । राजनीतिक दर्शन र नेता विशेषका भाषणलाई बनाइयो । राजनीतिक नेतृत्वमा पुग्ने व्यक्ति तथा व्यक्तित्वहरूमा देश विकास गर्ने भिजन, मिसन र एक्सन भएन । राजनीतिक नेतृत्वमा पुग्ने व्यक्तिहरूका लागि कुनै पनि शैक्षिक मापदण्ड बनाइन । शैक्षिक योग्यताबिना नै राज्यको माथिल्लो नेतृत्वमा पुग्न सफल नेतागणहरूमा देश विकासको मार्गचित्र, नेतृत्व क्षमता, समाजशास्त्रको अध्ययन, राजनीतिकशास्त्रको ज्ञान तथा विकास योजनाहरूको छनोट क्षमता र कार्यान्वयन पक्षलगायतका विषयहरुमा ज्ञानजन्य पूर्वाधारहरूको अभावजस्ता कारणहरु स्थायी रूपमा रहे । देशलाई राजनीतिक दर्शनको प्रयोगशाला बनाइयो । फलत : राजनीतिक क्षेत्र नै प्रदूषित, बेथिति र विसंगतिको मूल थलो बन्न पुग्यो ।

लामो समयसम्म अन्याय, अत्याचार, गरिबी र पिछडा जीवन बाँच्न बाध्य भएका जनताहरूले नेपाल कम्युनिस्ट पार्टीको जननिर्वाचित सरकार बनेपछि विकास हुने आशा गरेका थिए । कुशासन, भ्रष्टाचारको अन्त्य र रोजगारीको अवसरको सिर्जना हुनेमा प्रतीक्षारत थिए । तर आफू ताक्छु मूढो बन्चरो ताक्छ घुँडो भनेझैं नागरिकहरूको विकास र समृद्धिको आशा र भरोसामा सत्तारूढ नेपाल कम्युनिस्ट पार्टीले तुसारापात गर्‍यो । नेपाल कम्युनिस्ट पार्टी काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भनेझैं विधिको सासन र विकासको

——— बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज प्रतीक्षा गरिएको काम पूरा हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्ने छ । शुभ समाचार पनि सुन्न पाइएला ।

**वृष** :- आज निर्णायक क्षमतामा कमी आउनेछ । स्वस्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । चुनौतीको सामना गरी गलत निर्णय लिनपुगिएला, सचेत रहनुहोला ।

**मिथुन**:- मान प्रतिष्ठामा बृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । नयाँ कामको थालनी होला ।

**कर्कट** :- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउने छ । नयाँ कार्यको योजना बन्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुनेछ । पुनर्मिलनको योग रहेको छ ।

**सिंह**:- सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । अरूलाई प्रभावित पारेर काम बन्नेछ । श्रमको उचित मुल्यांकन हुनेछ । मनोरञ्जनमा सहभागीता भइएला ।

**कन्या** :- आज शरीर भारि र मन अस्थिर रहने संकेत देखिन्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । घरायसी विवाद समेत बढ्ला ।

**तुला** :- आँटेको र ताकेको कार्य पुरा होला । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । धार्मिक कार्यमा रूचि बढ्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ ।

**वृश्चिक** :-आज मनमा हर्ष,उमङ्ग र उत्साह छाउने र जोश जाँगर बढ्नेछ । बन्धु–बान्धवबाट सहयोग मिल्नेछ । राजनैतिक कार्यमा सफलता पाईएला ।

**धनु** :- न्यायिक कार्यमा सफलता मिल्नेछ । जोश जाँगर र हिम्मत वढ्नेछ । नयाँ कार्य वा रोजगार पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ ।

**मकर**:- शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । पार्टी तथा सेमिनारमा सहभागी भइएला । आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**कुम्भ**:- विशिष्ठ व्यक्तिको साथ पाईनेछ । राजननितक कार्यमा सफलता मिल्नेछ । जोश,जाँगर र हिम्मत बढ्नेछ । शेयर बजारको कारोवार हुनेछ ।

**मिन** :- आज रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । बोलीको प्रभाब बढ्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । पढाइ लेखाइमा प्रगति पनि हुनेछ ।

# ऐतिहासिक मानिकदह एक परिचय

## सरोकार

**राजकुमार राउत**

सिरहा जिल्लाको पूर्वी उत्तरी वेल्टको लहान नगरपालिका हालको वडा नं. २४ तथा साविक मलहनमा गोविन्दपुरको वडा नं. ५ मा मानिक दह अवस्थित छ । पूर्वमा लहान नगरपालिका १५ नंम्बर वडाको सीमा सोभापुर पर्दछ । दक्षिणमा बस्तिपुर गाउँ पर्दछ, पश्चिममा लहान नगरपालिका-२४ कै मलहनमा भन्नेगाउँ तथा उत्तरमा विष्णुपुरकट्टी तथा धनगढी नगरपालिकाको साँध छ । मानिक दहको अधिकारिक प्रमाणलाई अध्ययन गर्दा २२ विघा मध्ये ११ विघामा पानीको स्थल तथा ११ विघामा चउर तथा बोटविरूवाहरू झाँगिएको रूप छ ।

यसको ऐतिहासिकतालाई पत्ता लगाउँदा मानिक दहको नामांकरणको बारे अनेक तर्क-वितर्क तथा विचार, जनश्रुतीहरू चर्चित छन् । केहीको भनाइ अनुसार नेपालको मध्यकालमा बाईसे राज्यमा टुक्रिएको नेपालको अवस्थामा सेन वंशी राजा मानिक सेनले मानिक दहलाई खन्न लगाएको भन्ने चर्चा छ भने अर्कोतिर धार्मिक र अध्यात्मिक विचार अनुसार परापूर्वकालमा देवत्व अवस्थामा मानिक सरदार भन्ने देवताले त्यो खन्न लगाई तयार पारेको भन्ने चर्चा बुढापाकाहरूको अधावधी भनाइहरू चर्चामा पनि छन् । मानिक सरदारका छोरीहरूमा सेनिया डिहवारनी लाटी बैंकी तथा भगवतीको अर्को स्वरूप पूज्यनीय राजदेवी पनि मानिक सरदारकै छोरीको रूपमा अवतरित भएको भन्ने जनश्रुतीहरू छ । मानिक दहको उत्तरपट्टी टाँसिएको सरकारी ऐलानी जग्गामा सय विघामा सामुदायिक वन पनि छ । त्यसैसँग टाँसिएको विष्णुपुरको गरमियाँ बजार पनि छ र जहाँबाट उदयपुरको सीमा पनि सुरू भएको छ ।

पञ्चायतकालमा केही न्यून जिर्णोद्वारको कामहरू भएका थिए । तत्कालीन प्रधान पञ्च अहिलेको निर्माण व्यवसायी संघको जिल्ला अध्यक्ष रासलाल रायको ठूलो बुबा राम लखन रायले तत्कालीन जिल्ला पञ्चायत मार्फत माटोको काम गरेका थिए । तत्पश्चात नेपाली कांग्रेसका व्यक्ति पञ्चायतकालमा प्रधान पञ्च भई केही विकासको काम गर्ने बेलामा थोर बहुत विकास गरेका तिनी थिए सुभाष गिरी । मानिकदहको पश्चिमपट्टी डिलमा सलहेस राजाको मन्दिर छ । त्यस मन्दिरभित्र सलहेस महाराजाको विशाल मूर्ति हातमा सवार भएकी छ । तिनका दुईवटा भाई मोती राम र बुधेश्वरको पनि घोडामा सवार ठूलो कदका मूर्तिहरू छन् । सलहेशका रानी दोना मालिन सहित निजका



सहेलीहरू रेशमा, कुशमा, हेमवन्ती इत्यादिको पनि मूर्तिहरू छन् । सलहेसको अंगरक्षक तथा आठ पहरिया केवला किराँत सहित अरू पनि अंग रक्षकको मूर्तिहरू छन् । साथमा बाघमा चढेको मानिक सरदारको मूर्ति छ साथमा छोरीहरू पनि साथमा रहेको मूर्तिहरू छन् । अरू मन्दिरहरूमा नगर डिहवार र भगवती मन्दिरहरू पनि छन् । दक्षिण डीलमा जनता आधारभूत विद्यालय मानिकदह जुन चन्दा र सहयोगकै भरमा निर्मित यो लेखक र रामपरिक्षण महतोको अगुवाईमा भएको हो । २०३८ सालमा त्यस विद्यालयको निर्माण भएको हो । पूर्व डीलमा राम जानकी तथा शिव मन्दिर छ जहाँ १ महिना पहिले सम्म १३ फीट लामो टुपी भएका ११५ बर्षीय तपस्वी बाबा विष्णु दास बसेका थिए । हाल उनी तीर्थाटनमा गएका छन् दक्षिणपट्टी भिटकी भन्ने गाउँ छ जो परिचयको क्रममा मानिकदह भिटकी भन्ने नामले प्रचलित छ ।

मानिकदहको अहिले सम्मको अवस्थालाई अध्ययन गर्दा २०४८ सालमा नथुनी सिंह दनुवार प्रतिनिधि सभा सदस्य छानिएका थिए र निजको पहलमा मानिक दहलाई राष्ट्रिय पर्यटकीय स्थलको घोषणा गर्न लगाई केही व्यक्तिहरूको साथलाई जसमा यो लेखक राम परीक्षण महतो, डा. महादेव साह, चन्द्र देव कामतीहरूको सहयोगमा किर्तीपुर त्रिभुवन विश्वविद्यालयको संस्कृति तथा पुरातात्विक विभागको विदहरूलाई टोली बनाई उपस्थित गराई खपटे डाँडा मानिक दहमा उत्खनन गर्न लगाएका थिए । विशेषज्ञहरूको अध्ययन अनुसार लुम्बिनी र खप्तड प्रदेशको भन्दा पनि पुरानो सामग्री फेला परेको पनि सामग्रीहरूले प्रमाणित गरेका छन् । मानिक दह रहेको क्षेत्रको सांसद पदम नारायण चौधरी, चित्रलेखा यादव, नरेन्द्र राज पोख्रेल तथा प्रदीप गिरी भए । हाल नगरपालिकाको मेयर मुनि साह छन् र वडाध्यक्ष कमलदेव यादव छन् तर विकास पञ्चायत कालमा जे भएको थियो त्यस भन्दा अगाडी बढेको छैन ।

# गरिब र असहायलाई हेस्राको ज्याकेट र कम्बल

मिर्चैया । समाजिक संस्था हेस्रा नेपालले मिर्चैया नगरपालिका-७ फूलबरियामा ज्याकेट र कम्बल वितरण गरेको छ ।

हेस्राले वडा नम्बर ७ का २५ जनालाई ज्याकेट र कम्बल वितरण गरेको हो । तराई मधेसमा जाडो र सितलहर बढेका बेला न्यानो अभियान अन्तर्गत सो सामग्री उपलब्ध गराएको हेस्राले जनाएको छ ।

हेस्राले विभिन्न स्थानमा जाडो तथा सितलहरबाट प्रभावित अति गरिब र असहायहरूलाई न्यानो प्रदान गरिरहेको छ ।



## घर बनाउन...

'यही छेउमा वनकै जग्गामा ठुलाबडाले पक्की घर बनाउँदा कसैले रोक्न सकेनन् । हामी जस्तो गरिब निमुखाको लागि कानुनमाथि कानुन छ । चरा भए बोटमा बस्न जान्थे । मानिस छौं, घर चाहिन्छ अब कहाँ जाउ ?' उनका अनुसार त्यस आसपासमा वनकै जग्गामा दर्जनौं पक्की घर बन्दापनि वन कार्यालयले रोकेनन् । हामी डोम समुदायको घर मात्रै रोकेका छन् । पहिले सस्तो जग्गा हुँदा उनीहरूलाई हटाउन खोज्न आएका थिएनन । जग्गाको भाउँ बढ्दै गएपछि बलियाबाठाहरूले खाली गराउन थालेको उनले सुनाए ।

डोम समुदाय तराई मधेसमा अल्पसंख्यक हुन् । उनीहरू हरेक गाउँमा २/४ घर गरी बसोबास गर्छन् । उनीहरूले आफ्नै समुदायका लागि बनाएको जातीय नियम अनुसार बाँसको सामग्री बेच्न गाउँ छुटाउने गर्छन् । एक जनाको गाउँमा अर्को व्यक्ति जान पाउँदैन् । रोजगार आफ्नो जिम्मा भएकै गाउँमा गर्छन् । गाह्रोसाह्रो परेको बेला त्यही गाउँ किनबेच गर्छन् ।

'दलित भनेर हामीहरू हेपिएका छौं । न जग्गा छ न त ऐलानीमा बलिया मानिसहरूले बसोबास गर्न दिएको छ,' मनोज मल्लिकले भने, 'पटक-पटक जमिनदारले घर भत्काउन थालेपछि वडाअध्यक्षसँग ऐलानी जग्गामा बसोबास गर्न अनुरोध गरे ।' त्यहाँपनि झन्झट खडा भएर तनाव भएको उनले सुनाए । सरकारका हाकिमहरूले यहाँ गरिब विपन्नलाई कानुन देखाउने र बलियालाई छुट दिने गरेको उनको आरोप छ । ४ जनाको परिवारमा महिला, बच्चासहित २१ जना छन् ।

वडाध्यक्ष अनिसुल राईनका अनुसार पीडित डोम समुदायका लागि घर बनाउन वन राज्यमन्त्रीसँग पहल गरेका थिए । यही क्षेत्रका प्रदेश सांसदमा निर्वाचित सुरेश मण्डल वन राज्यमन्त्री हुन् । उनले प्रदेश सरकारबाट प्रत्येक परिवारलाई घर बनाउन ३ लाखको दरले बजेट ल्याउन सहयोग गरे । 'आफुले वडाध्यक्षलाई ऐलानी जग्गा खोज्न आग्रह गरेको थिए,' मन्त्री मण्डलले भने, 'ऐलानी जग्गा हो भनेर जानकारी आएपछि पुस १४ गते शिलान्यास गरे ।' घर बनाउने इटा, बालुवा-गिट्टी पनि झारेका छन् । पछि स्थानीयले यो जग्गा जोवहा सामुदायिक वनको भएको भन्दै विरोध गरे । वन कार्यालयले घर बनाउन रोकेका छन् । सामुदायिक वनको जग्गामा घर बन्न थालेपछि रोकेको सबडिभिजन वन कार्यालय चोह्रर्वाका इन्चार्ज शसिन्द्र यादवले बताए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

### कांग्रेसको देशभर विरोध प्रदर्शन

# सिरहाको १६४ वटै वडामा विरोध प्रदर्शन










**लहान ।** प्रतिनिधिसभा विघटनविरूद्ध प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सिरहा लगायत देशभर बिहीबार विरोध प्रदर्शन गरेको छ ।

प्रतिनिधिसभा विघटनको असंवैधानिक कदम विरूद्ध कांग्रेस सिरहाले बिहीबार दोस्रो चरणको आन्दोलन अन्तर्गत सिरहाको १ सय ६४ वटै वडाहरुमा विरोध प्रदर्शन गरेको हो । वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारको सिफारिसमा प्रतिनिधिसभा विघटन गरिएको घटनाविरूद्ध कांग्रेसले चरणबद्ध रुपमा प्रदर्शन गरिएको नेपाली कांग्रेस सिरहाले जनाएको छ । प्रतिनिधिसभा विघटनको असंवैधानिक कदमविरूद्ध कांग्रेसले बिहीबार दोस्रो चरणको आन्दोलनअन्तर्गत ६ हजार ७ सय ४३ वडाहरूमा विरोध प्रदर्शन गर्‍यो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा रहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सरकारको सिफारिसमा प्रतिनिधिसभा विघटन गरिएको घटनाविरूद्ध कांग्रेसले दुई चरणमा चरणवद्ध आन्दोलन गरेको छ । दोस्रो चरणको आन्दोलनअन्तर्गत कांग्रेसले बिहीबार अन्तिम चरणमा ६ हजार ७ सय ४३ वडामा विरोध प्रदर्शन गरेको हो ।

यसअघि कांग्रेसले दोस्रो चरणको आन्दोनअन्तर्गत माघ ३ गते सात सय ५३ स्थानीय तहहरूमा र गत पुस २५ गते तीन सय ३० प्रदेशसभा निर्वाचन क्षेत्रमा विरोध प्रदर्शन गरेको थियो । कांग्रेसले पहिलो चरणअन्तर्गत गत पुस १३ गते एक सय ६५ निर्वाचन क्षेत्रमा सरकारविरूद्ध विरोध प्रदर्शन गरेको थियो ।

**'ओलीलाई नसिध्याए उनले देशै सिध्याउँछ'**

प्रधानमन्त्री ओलीले आफूलाई राजाभन्दा पनि ठूलो शासक ठानेको विरोध कार्यक्रमका वक्ताहरूले आरोप लगाएका छन् । संसद विघटनको विरोधमा कांग्रेसको विरोध कार्यक्रम अन्तर्गत मिर्चैयामा बिहीबार आयोजित विरोध सभामा वक्ताहरूले यस्तो बताएका हुन् ।

उनीहरूले ओलीमा प्रधानमन्त्रीको गुण नभएको भन्दै उनलाई सबैले तह लगाउनुपर्ने धारणा राखे । ओलीलाई तह नलगाए उनले देश नै सिध्याउने भन्दै जनतालाई गम्भीर बन्न बक्ताहरूले आग्रह गरे ।

## नौ बर्षदेखि...

आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय धनुषा पठाइएको छ । सिरहाको धनगढीमाई नगरपालिका-९ की शकुन्तला थापाले आफ्ना पति श्रीप्रसाद साह सोनारको गोली हानी हत्या गरेको आरोपसहित जिल्ला प्रहरी कार्यालय धनुषामा किटानी जाहेरी दिएपछि प्रहरीले खोजी गरिरहेकै अवस्थामा यादव पक्राउ परेका हुन् ।

२७ भदौ ०६८ मा धनगढीस्थित घरबाट बा.११प ४९४२ नम्बरको मोटरसाइकल चढेर धनुषाको वीरेन्द्र बजारमा फुटबल खेल्न गएका श्रीप्रसादको शव दुई दिनपछि २९ भदौमा धनुषाको भरतपुर बालुवा खोला नजिकको भाँडीमा भेटिएको थियो । आरोपी यादवले सोनारको हत्यापछि मोटरसाइकल, नगद २५ हजार रूपैयाँ, आधा तोला सुनको औँठी, एक तोला सुनको सिक्री, मोबाइल, चाँदीको ब्रासलेट गरी दुई लाख ५८ हजार तथा कागजपत्रसमेत लुटेर लगेको प्रहरीले जनाएको छ ।

## नागरिकका...

गहन जिम्मेवारीलाइ छाडेर आन्तरिक कलह, झगडा र अस्वस्थ्य प्रतिस्पर्धामा लाग्यो । परिणामतः मुलुक झनपछि झन् दलगत स्वार्थको खाडलमा फूस्दै गयो । राजनीतिक स्थायित्व हुन सकेन ।

मुलुक आफैं बन्दैन । देश विकास गर्न राज्यले आवश्यकताको आधारमा योजनाको खाँचो हुन्छ । नेतृत्वमा सबैलाई मिलाउन सक्ने ऋषिमन चाहिन्छ । देश विकास गर्ने इच्छाशक्ति चाहिन्छ । सुशासन कायम गर्न सक्ने क्षमता चाहिन्छ । देशका सबै राजनीतिक दल र नागरिकलाई विकास निर्माणमा सहभागी बनाउन सक्ने प्रजातान्त्रिक आचण चाहिन्छ ।

त्यसैले इतिहासबाट पाठ सिकेर राज्य सञ्चालक र दलका निर्णायक नेतृत्वमा देश र जनताको हितमा काम गर्ने विवेक आओस् । जनताको निराशा आक्रोशमा परिणत हुनभन्दा अगावै छल, कपट र स्वार्थको राजनीतिलाई त्यागेर देश र जनताको पक्षमा कामगर्ने सद्बुद्धि मिलोस् । नागरिकका पिरलाहरूको सम्बोधन हुन सकोस् । *साभार : राजधानीडेली डटकमबाट*


## पकड़ियागढ बचत तथा ऋण सहकारी संस्था लि.

लहान न.पा.-१८, अमही (सिरहा)
शाखा कार्यालय लहान -६, नयाँ बजार

## कर्मचारी आवश्यकता

**यस पकड़ियागढ बचत तथा ऋण सहकारी संस्था लि. लहान-१८, अमही (सिरहा) को लागि निम्न अनुसार कर्मचारी आवश्यक परेको हुँदा योग्य र इच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र, बायोडाटा र १ प्रति फोटो सहित ७ दिन भित्र आवेदन आव्हान गरिन्छ ।**

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता | तलब/भत्ता |
|---|---|---|---|---|
| १. | बजार प्रतिनिधि | ५ | एस.एल.सी./ + २ पास/सो सरह | संस्थाको नियम अनुसार सेवा सुविधा प्रदान गरिने छ। |

**सम्पर्क :- ९८५२८३१९११, ९८०३८४९८५८, ९८४२८२४६५६**



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)